**कार्यविधि नं. १**

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०३/०८**

## प्यूठान नगरपालिका

# प्यूठान नगरपालिकाको खानेपानी मूल दर्ता सम्बन्धी कार्यविधि, २०८२

## प्यूठान नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## लुम्विनी प्रदेश

## प्यूठान नगरपालिकाको खानेपानी मूल दर्ता सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः**

प्यूठान नगरपालिकाबाट सञ्चालन हुने खानेपानी सम्बन्धी योजना तथा आयोजनाहरु सञ्चालन, मूल सम्बन्धी विवादहरुको व्यवस्थापन तथा खानेपानी सम्बन्धी विविध कार्यक्रमहरु व्यवस्थित तवरले संचालन गर्न वान्छनीय भएकोले,

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

संक्षिप्त नामः- यो कार्यविधिको नाम "**प्यूठान नगरपालिकाको खानेपानी मूल दर्ता सम्बन्धी कार्यविधि, २०८२"** रहने छ।

प्रारम्भः- यो कार्यविधि नगरपालिकाको कार्यपालिका बैठकबाट पारित भएको मितिदेखी लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले प्यूठान नगरपालिकाको खानेपानी मूल दर्ता सम्बन्धी कार्यविधि, २०८२ लाई सम्झनु पर्दछ।

(ख) "खानेपानी" भन्नाले घरेलु तथा औद्योगिक उपभोगका लागि आपुर्ति गरिने खानेपानीलाई सम्झनु पर्दछ।

(ग) " मूल" भन्नाले नदी, नाला, खोला, धारो, आदिको पानी उम्रने वा निस्कने ठाउँ, मूललाई सम्झनु पर्दछ।

(घ) "श्रोत" भु–सतह वा भूमिगत रुपमा रहेको खानेपानीको स्रोतलाई सम्झनु पर्दछ।

(ङ) "संरचना" भन्नाले स्रोतबाट खानेपानी जम्मा गर्न नियन्त्रण गर्न, शुद्धीकरण गर्न वा वितरण गर्न बनाइएको जलाशय र सो जलाशयले चर्चेको क्षेत्र सम्झनुपर्दछ र सो शब्दले त्यस्तै उद्देश्यले बनाईएका पानी ट्याङ्की, पाईप लाईन, निकास, धारा वा त्यस्तै प्रकारका अन्य संरचनालाई समेत जनाउदछ।

(च) "सर्वेक्षण" भन्नाले संरचना निर्माण गर्दा पर्ने वातावरणीय असर, स्रोतबाट उद्योग तथा वितरण गर्न सकिने खानेपानीबाट लाभान्वित हुनेको संख्या लगायत आर्थिक तथा प्राविधिक तथ्यहरु समेतको विश्लेषण गरी विस्तृत रुपबाट तय गरिएको अन्वेषण, संभाव्यता अध्ययन र तत् सम्बन्धी विस्तृत ईन्जिनियरिङ्ग डिजाइन समेतको कार्य सम्झनु पर्छ।

(छ) "परियोजना" भन्नाले अनुमती प्राप्त व्यक्तिले संचालन गर्ने खानेपानी परियोजना सम्झनु पर्छ र सो शब्दले कार्यविधिमा व्यवस्था भए बमोजिम यस नगरपालिका, विभिन्न संघ, संस्था, समिति वा नेपाल सरकार, गैर सरकारी संघ संस्थाले उपभोक्ता समितिलाई हस्तान्तरण गरेको परियोजना वा उपभोक्ता समिति/संस्थाले आफै विकास गरी सञ्चालन गरेको परियोजना समेतलाई जनाउँदछ।

(ज) "समिति" भन्नाले यस कार्यविधि बमोजिम दर्ता हुने मूल दर्ता उपभोक्ता समितिलाई सम्झनु पर्छ।

(झ) "पानी आपूर्तिकर्ता" भन्नाले यस कार्यविधि बमोजिम उपभोक्ता समिति, संस्था वा अनुमतीपत्र प्राप्त व्यक्तिलाई सम्झनु पर्छ।

(ञ) "सेवा" भन्नाले पानी आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराएको खानेपानी सेवा सम्झनु पर्छ।

(ट) "उपभोक्ता" भन्नाले पानी आपूर्तिकर्ताले उपलब्ध गराएको सेवा उपभोग गर्ने व्यक्ति वा निकायलाई सम्झनु पर्छ।

(ठ) "सेवा शुल्क" भन्नाले सेवा उपभोग गरे बापत उपभोक्ताले पानी आपूर्तिकर्तालाई बुझाउनु पर्ने सेवा शुल्क सम्झनु पर्छ र सो शब्दले विलम्ब शुल्क समेतलाई जनाउँदछ।

(ड) "निरीक्षक" भन्नाले कार्यविधिमा व्यवस्था भए बमोजिम तोकिएको खानेपानी निरीक्षकलाई सम्झनु पर्छ।

(ढ) "नगर प्रमुख" भन्नाले नगरपालिकाको निर्वाचित नगर प्रमुख सम्झनु पर्छ।

(ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

मूल दर्ता

**३. मूल दर्ताको उपभोक्ता समिति, संस्थाको संगठन**

(क) सामुहिक लाभको लागि परीयोजनाको विकास तथा सञ्चालन गरी त्यसबाट लाभान्वित हुन चाहने व्यक्तिहरुले मूल दर्ता उपभोक्ता समिति, वा संस्था गठन गर्न सक्ने छन्।

**४. उपभोक्ता समिति/संस्थाको विधानः**

(क) उपभोक्ता समिति/संस्थाको एउटा विधान हुनेछ ।

(ख) उपदफा (१) बमोजिमको विधानमा देहायका कुराहरु खुलाईएको हुनुपर्ने छ ।

(क) उद्देश्य तथा कार्यक्षेत्र

(ख) सदस्यताको लागि योग्यता

(ग) सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि

(घ) सदस्यताको लागि अयोग्यता

(ङ) साधारण सभाको गठन

(च) साधारण सभाको अधिवेशन

(छ) साधारण सभाको काम, कर्तव्य र अधिकार

(ज) कार्य समितिको गठन

(झ) कार्यसमितिको वैठक

(ञ) कार्य समितिको काम, कर्तव्य र अधिकार

(ट) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

(ठ) निर्वाचन सम्बन्धी व्यवस्था

(ड) अविश्वासको प्रस्ताव

(ढ) आर्थिक स्रोत

(ण) चल अचल सम्पतिको विवरण

(त) कोष

(थ) लेखापरिक्षण

(द) विधान संशोधन

(ध) अन्य आवश्यक कुराहरु

**५. उपभोक्ता समिति,संस्था तथा मूल दर्ता गर्न दरखास्त दिनुपर्नेः**

(१)उपभोक्ता समिति/संस्था तथा मूलको दर्ता गर्न चाहने व्यक्तिले एक हजार रुपैयाँ दस्तुर सहित अनुसुची–१'क' बमोजिमको निवेदन र अनूसुची-४ बमोजिमका कागजातहरु सहित नगरपालिका समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पेश भए पश्चात प्राविधिक तथा वडा कार्यालयका जनप्रतिनिधिबाट चेकजाँच गराई प्रतिवेदन लिई नगर प्रमुखले मुल दर्ताको अनुमती अनुसुचि १'ख' बमोजिम दिनेछ ।

**६. मूल दर्ता उपभोक्ता समिति/संस्थाको दर्ताः**

(१) दफा ५ बमोजिम मूल दर्ता उपभोक्ता/संस्थाले नगरपालिकामा निवेदन सहितको आवश्यक कागजात पेश गरेमा मूल दर्ताको हकदावीको लागि ३५ दिने सूचना प्रकाशित गरि ३५ दिन भित्र हकदावी नपरेमा मूल दर्ता प्रकृया अघि बढाउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सम्पूर्ण प्रकृया पुरा भइसके पछि मूल दर्ता उपभोक्ता समिति/संस्थाको विकास गर्न प्रस्तावित गरेको परियोजना **आर्थिक तथा प्राविधिक दृष्टिकोण समेतबाट गर्न उपयुक्त भए नभएको जाँचबुझ गरि सो सम्बन्धमा सम्बन्धित निकायसँग परामर्श समेत** गर्दा परियोजना विकास गर्न उपयुक्त देखिएमा समितिले मूल दर्ता गरी दरखास्तवालालाई अनुसुची २ बमोजिमको उपभोक्ता समिति/संस्थालाई प्रमुख प्रशासकीय अधिकृतले दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम जाँचबुझ तथा परामर्श गर्दा उपभोक्ता समिति/संस्था दर्ता गर्न नमिल्ने भएमा समितिले त्यसको कारण सहितको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ ।

**७. दोहोरो उपभोक्ता समिति/संस्था दर्ता नगरिनेः**

कुनै स्रोतको उपभोग गर्न कुनै उपभोक्ता समिति/संस्था दर्ता भई सकेपछि त्यस्तो उपभोक्ता समिति/संस्थाले उपभोग गर्ने पानीको परिमाणमा कटौती हुने गरी सोही समिति/संस्थाको कार्यक्षेत्र भित्र अर्को उपभोक्ता समिति/संस्था दर्ता गरिने छैन ।

**८. स्रोतको पानीमा उपभोक्ता समिति/संस्थाको अधिकार कायम रहनेः**

(१) दफा ६ बमोजिम उपभोक्ता समिति/संस्था दर्ता भएपछि उपभोक्ता समिति/ संस्थाले उपभोग गर्ने तोकिएको हद सम्मको परिमाण बराबर पानीको स्रोतमा उपभोक्ता समिति/संस्थाको अधिकार कायम रहने छ।

(२) यो कार्यविधि प्रारम्भ हुनु अघि नेपाल सरकार, प्रदेश सरकार तथा गैहसरकारी संघ संस्थाले विकास गरेको खानेपानी परियोजना संचालन गर्न उपभोक्ता समिति/संस्थालाई हस्तान्तरण गरेको भए त्यस्ता उपभोक्ता समिति/संस्थाले उपयोग गर्ने हद सम्मको परिमाण बराबरको पानीको स्रोतमा त्यस्ता उपभोक्ता समिति/संस्थाको अधिकार कायम रहनेछ।

**९. नेपाल सरकार/प्रदेश सरकार/संघ संस्था/नगरपालिकाले विकास गरको परियोजना संचालन गर्ने उपभोक्ता समिति/संस्थाको गठन र मूल दर्ताः**

(१) नगरपालिकाले कार्यविधिको दफा ११ बमोजिम कुनै परियोजना उपभोक्ता समिति/संस्था मार्फत संचालन गराउन चाहेमा त्यस्तो परियोजना संचालन गर्न चाहने व्यक्तिहरुले दफा ३ बमोजिम उपभोक्ता समिति/संस्था गठन गरी दफा ५ बमोजिम दर्ता गराउनु पर्नेछ।

(२) उपदफा (२) बमोजिम उपभोक्ता समिति/संस्था दर्ता गर्ने सम्बन्धमा नगर प्रमुख समक्ष दरखास्त दिदा नेपाल सरकार/प्रदेश सरकार/संघ संस्था/नगरपालिकाले त्यस्तो उपभोक्ता समिति/संस्थालाई परियोजना संचालन गर्ने विषयमा दिएको पत्र समेत संग्लग्न गर्नु पर्नेछ।

**अनुमतिपत्र सम्बन्धी व्यवस्था**

**१०. सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेः**

(१) कुनै स्रोतको सर्वेक्षण गर्न चाहने व्यक्ति वा गैह सरकारी संघ संस्थाले अनुमतिपत्रको लागी एक हजार रुपैयाँ दस्तुर सहित अनुसुची–३ र अनुसूची-४ बमोजिमको ढाँचामा नगर प्रमुख समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएमा नगर प्रमुखले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा थप कागजातको माग गर्नुपर्ने देखिएमा दरखास्त परेको मितिले १५ दिन भित्र दरखास्त वालालाई सो कुराको सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अध्यक्षले दिएको सूचना बमोजिम दरखास्तवालाले थप कागजात पेश गरेको मितिलाई नै दरखास्त पेश गरेको मिति मानिनेछ।

**११. सर्वेक्षण अनुमति दिनुपर्नेः**

दफा १० बमोजिम प्राप्त हुन आएको दरखास्त र सो साथ संलग्न कागजात जाँचबुझ गर्दा दरखास्तवालालाई सर्वेक्षण अनुमति पत्र दिन उपयुक्त देखिएमा नगरपालिकाले अनुसूची ४ बमोजिमको ढाँचामा स्रोत सर्वेक्षण अनुमतिपत्र दिनु पर्नेछ।

**१२. मूल दर्ता अनुमतिपत्रको नविकरणः**

(१) कार्यविधि बमोजिम मूल दर्ता अनुमतिपत्रको अवधि तिन वर्षको लागि मान्य हुनेछ। नविकरण मिति समाप्त हुने आर्थिक वर्षको असार मसान्त भित्र अनुमतिपत्र नविकरणको लागि पाँच सय रुपैया दस्तुर सहित नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र नविकरण नगरेमा त्यसको मनासिव कारण खुलाई अनुमतिपत्र बहाल रहने अवधि समाप्त भएको मितिले पैतिस दिनभित्र अनुमतिपत्र प्राप्त व्यक्ति/उपभोक्ता समिति/संघ संस्थाले समिति समक्ष निवेदन दिन सक्नेछ। र यसरी दिएको निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा समितिले अनुमतिपत्र नविकरण गर्न सक्नेछ।

(३) नविकरणको ढाँचा तपसिलमा उल्लेख गरिए अनुसार हुनेछ।

| आर्थीक वर्ष | नविकरण दस्तुर तथा अन्य विवरण | नविकरण मिति | नविकरण गर्ने पदाधिकारीको विवरण | हस्ताक्षर |
|---|---|---|---|---|

**१३. अनुमतिपत्रमा संशोधन गर्नु परेमाः**

(१) अनुमतिपत्र प्राप्त व्यक्ति/उपभोक्ता समिति/संघ संस्थाले आफुले पाएको अनुमतिपत्रमा उल्लेखित कुनै कुरा संशोधन गर्न चाहेमा नगरपालिका समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा नगरपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा व्यहोरा मनासिव देखेमा अनुमतिपत्रमा संशोधन गरी दिनेछ।

**१४. स्रोत उपयोग गरे बापत बुझाउनुपर्ने शुल्कः**

अनुमतिपत्र प्राप्त व्यक्ति/उपभोक्ता, समिति/संघ संस्थाले स्रोतको उपयोग गरे बापत प्रत्येक वर्ष नगरपालिकालाई एक हजार रुपैयाँ शुल्क बुझाउनु पर्नेछ।

**मूल दर्ताको विवाद समाधान**

**१५. मूल दर्ताको विवाद निरुपण समितिः**

(१) उपभोक्ता समिति/संस्थाले विकास तथा संचालन गर्ने परियोजनाको स्रोत उपयोग सम्बन्धमा कुनै विवाद उत्पन्न भए त्यस्तो विवाद समाधानको लागि देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु भएको एक स्रोत उपयोग विवाद निरुपण समिति हुनेछ।

(क) नगरपालिका नगरप्रमुख – अध्यक्ष

(ख) नगरपालिका नगर उपप्रमुख –सदस्य

(ग) सम्बन्धित वडाको वडा अध्यक्ष – सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ङ) योजना शाखा प्रमुख –सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको जानकारी लिई सकेपछि स्रोत उपयोग विवाद निरुपण समितिले स्रोतको उपयोग सम्बन्धमा परेको उजुरी छानविन गरी आवश्यक निर्णय गर्ने।

**संरचनाको सुरक्षा र मर्मत संभार**

**१६. गुणस्तर कायम राख्नुपर्नेः**

नगरपालिकाले कार्यविधि बमोजिम खानेपानीको लागि निर्धारण गरेको गुणस्तर पानी आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराउने खानेपानीमा गुणस्तर कायम राख्नुपर्नेछ।

**१७. स्रोतलाई प्रदुषित बनाउन नहुनेः**

पानी आपूर्तिकर्ता/उपभोक्ता समितिले  मूल प्रदुषण हुने गरी संरचनाको निर्माण गर्न वा अन्य कुनै प्रकारको कार्यहरु गर्न हुदैन।

**१८. वातावरणमा उल्लेखनीय प्रतिकुल असर पार्न नहुनेः**

पानी आपूर्तिकर्ताले वातावरणमा उल्लेखनीय प्रतिकुल असर गर्ने गरी संरचनाको निर्माण गर्न तथा अन्य कुनै प्रकारको कार्यहरु गर्नु हुदैन।

**सेवा उपयोग सम्बन्धी व्यवस्था**

**१९. सेवा उपलब्ध गराउने आधारहरुः**

(१) पानी आपूर्तिकर्ताले सेवा उपलब्ध गराउँदा देहायका विषयलाई आधार बनाउनेछ।

(क) भौगोलिक स्थिति

(ख) जनसंख्या

(ग) स्रोतमा उपलब्ध हुन सक्ने पानीको परिमाण

(घ) संरचनाको क्षमता

(ङ) अन्य प्राविधिक कुराहरु

**२०. सेवा उपयोग गर्न प्राथमिकता दिनेः**

१) पानी आपूर्तिकर्ताले देहाय बमोजिम निर्धारित आधारहरुको अधिनमा रहि देहायका उपभोक्तालाई सेवा उपयोग गर्न प्राथमिकता दिनेछ।

(क) स्वास्थ्य चौकी, अनाथालय, वृद्धाश्रम,

(ख) बाढी, आगलागी, महामारी रोग व्याधी फैलिई वा त्यस्तै अन्य कुनै प्राकृतिक वा दैवी प्रकोपको कारणले अस्थायी रुपमा खडा गरिएको शिविर,

(ग) विद्यालय, छात्रावास वा सरकारी कार्यालय तथा त्यस्तो कार्यालयको कर्मचारीको आवास गृह,

(घ) सर्वसाधारण नागरिकको आवास गृह,

(ङ) अत्यन्त जरुरी सार्वजनिक महत्वको निर्माण कार्य,

(च) उद्योग तथा कलकारखाना भए त्यस्तो उद्योग र कारखानामा काम गर्ने कामदारहरु।

(२) उपदफा (१) मा देखिएका बाहेक सेवा उपलब्ध गराउने प्राथमिकताको क्रम निर्धारण गर्दा पानी आपूर्तिकर्ताले सम्बन्धीत नगरपालिकासँग आवश्यक परामर्श गर्नु पर्नेछ।

**२१. शर्तहरु तोक्नेः**

(१) पानी आपूर्तिकर्ताले उपभोक्तालाई सेवा उपलब्ध गराउँदा कार्यविधि बमोजिम नेपाल सरकार/प्रदेश सरकार/ गैर सरकारी संस्थाहरुले हस्तान्तरण गरेको परियोजना भए परियोजना हस्तान्तरण गर्दा नेपाल सरकार तथा नगरपालिकाले तोकेको शर्तहरु विपरित नहुने गरी आवश्यक शर्तहरु तोक्न सक्नेछ।

**विविध**

**२२. निरिक्षकः**

(१) परियोजनाको निरिक्षण गर्न नगरपालिकाले खानेपानी संग सम्बन्धित पूर्वाधार शाखाको प्राविधिकलाई निरीक्षक तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको निरिक्षकले मूलको समय समयमा निरीक्षण गरी देहायका विषयहरुमा व्यक्ति/ उपभोक्ता समितिलाई आवश्यक आदेश तथा निर्देशन दिई सो को जानकारी नगरपालिकालाई दिनु पर्नेछ।

**२३. अनुसुचीमा हेरफेरः**

नगरपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशन गरी यस कार्यविधिको अनुसुचीमा आवश्यकता अनुसार गर्न सक्नेछ।

## अनुसुची – १ 'क'

**(दफा ५ सँग सम्बन्धित)**

**मूल दर्ता उपभोक्ता समिति/संस्था दर्ताको लागि दिईने दरखास्त**

**मितिः-**

**श्रीमान् नगर प्रमुखज्यू,**
**प्यूठान नगरपालिका, प्यूठान ।**

मूल दर्ता उपभोक्ता समिति/संस्थाले देहायका कुराहरु खुलाई यो दरखास्त पेश गरेको छु ।

(१) उपभोक्ता समिति/संस्था/ मूलको नाम र ठेगानाः

(२) उपभोक्ता समिति/संस्था/ मूल दर्ताको उद्देश्यः

(३) स्रोत/ मूल रहेको प्रदेश ....... जिल्ला ...... नगरपालिका ...... वडा नं ...... टोल

(४) उपभोग गर्ने पानीको परिमाणः

(५) परियोजना शुरु गर्न लाग्ने समयः

(६) परियोजना सम्पन्न गर्दा लाग्न जाने अनुमानित खर्चः

(७) नेपाल सरकार/प्रदेश सरकार/नगरपालिका/गैह्रसरकारी संस्थाले विकास गरी संचालन एवं हस्तान्तरण गर्ने परियोजना भए सो परियोजनाको नाम र तत् सम्बन्धी विवरणः

(८) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः

(क) परियोजना सम्बन्धि विस्तृत विवरण उल्लेख भएको कागजात ।

(ख) परियोजनाको लागि कुनै समिति/संस्थाबाट आर्थिक सहायता व्यहोरिने भए सो सम्बन्धमा त्यस्ता समिति/संस्थाले व्यक्त गरेको प्रतिबद्धता र तत् कागजातः

.......................................................................................................................................

**अनुसुची – १ 'ख'**

**(दफा ५ सँग सम्बन्धित)**

**मूल दर्ता उपभोक्ता समिति/संस्था दर्ताको लागि नगरप्रमुखद्वारा दिईने अनुमति**

श्री सचिवज्यू,

यस नगरपालिका अन्तर्गत वडा नं. ............... मा संचालन हुने उल्लेखित परियोजनाको लागि गठन हुन लागेको मूल दर्ता /उपभोक्ता समिति/संस्था दर्ता हुन उपयुक्त देखिएकाले सो मूल दर्ताको लागि अनुमति प्रदान गरिन्छ । साथै उल्लेखित परियोजना संचालनको लागि आवश्यक मर्मत र संभारको कार्यहरुमा यस नगरपालिकाको तर्फबाट पूर्ण सहयोग हुने व्यहोरा जानकारी गराईन्छ ।

उक्त मूल दर्ताको प्रमाणपत्र तोकिएको ढाँचामा प्रदान गर्नुहुन ।

**सिफारिस गर्ने पदाधिकारीको**

सहीः

नामः

पदःनगर प्रमुख

मितिः नगरपालिकाको छापः

**अनुसुची – २**

**(दफा ६ को उपदफा (२) सँग सम्बन्धित) मूल दर्ता उपभोक्ता समिति/संस्थाको दर्ता प्रमाणपत्र**

श्री ..................................

.....................................................

महाशय,

तपाईले मिति .................................... मा दिएको दरखास्त बमोजिम यस नगरपालिकाको मिति ............................ को निर्णय बमोजिम मूल दर्ता उपभोक्ता समिति/संस्था दर्ता गरी यो प्रमाण पत्र दिइएको छ।

– उपभोक्ता समिति/संस्थाको नाम र ठेगानाः

– उपभोक्ता समिति/संस्थाको उद्देश्यः

– उपभोक्ता समिति/संस्थाले संचालन गर्ने परियोजनाको नामः

– परियोजना स्रोतः

– स्रोत रहेकोः प्रदेश ..... जिल्ला ..... नगरपालिका ....... वडा नं. ..... टोल........

– उपभोग गर्न पाउने पानीको परिमाणः

– उपभोक्ता समिति/संस्थाको कार्यक्षेत्रः

– परियोजना शुरु गर्नुपर्ने अवधिः

– उपभोक्ता समिति/संस्थाले पालना गर्नुपर्ने शर्तहरुः

क)

ख)

ग)

घ)

**प्रमाणपत्र दिने अधिकारीकोः**

सहीः

नामः

पदः

मितिः

नगरपालिकाको छापः

## अनुसुची – ३

### (दफा १० को उपदफा (१) सँग सम्बन्धित) स्रोत सर्वेक्षण गर्ने अनुमतिको लागि दिईने दरखास्त

श्री नगर प्रमुखज्यू,

............................

खानेपानीको स्रोत सर्वेक्षण गर्न अनुमतिपत्रको लागि देहायका कुराहरु खुलाई यो दरखास्त गरेको छु।

(१) व्यक्ति वा संगठन समिति/संस्थाको नाम र ठेगानाः

(२) उद्देश्यः

(३) सर्वेक्षण गर्न चाहेको स्रोतको नामः

(४) स्रोत रहेकोः प्रदेश ........... जिल्ला ........नगरपालिका ....... वडा नं. .......

(५) सर्वेक्षण गर्दा लाग्ने अवधिः

(६) अन्य विवरणः

(क) स्रोत सर्वेक्षण सम्बन्धमा आर्थिक, प्राविधिक र वातावरणीय मुल्याङ्कन सम्बन्धि प्रतिवेदन।

(ख) स्रोत सर्वेक्षण गरिने संस्थाको नक्सा।

(ग) संगठित समिति/संस्था भएको सो समिति/संस्थाको विधानको एक प्रति।

(घ) आवश्यक अन्य कागजात।

माथि लेखिएको व्यहोरा ठिक साँचो छ । झुटो ठहरे कानुन बमोजिम सहुँला बुझाउँला । संगठित समिति/संस्था भए त्यस्तो समिति/संस्थाको छापः

**दरखास्त दिनेकोः**

सहिः

नामः

ठेगानाः

मितिः

समिति/संस्थाको छापः

## अनुसुची – ४

**(दफा ५ सँग सम्बन्धित)**

**मूल दर्ता उपभोक्ता समिति/संस्था दर्ताको लागि आवश्यक कागजात र प्रकृया**

१. सम्बन्धित उपभोक्ताहरुको उपस्थितीमा उपभोक्ता गठन गरेको माईन्युटको प्रतिलिपी।

२. उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपी।

३. सम्बन्धित वडा कार्यालयबाट मुहान दर्ताका लागि २१ र ७ दिने सूचना टाँस गरेको प्रतिलिपी।

४. २१ दिने र ७ दिने सूचना प्रकाशनमा कसैको हकदावी नआएमा छुट्टा छुट्टै सरोकारवाला र जनप्रतिनिधिको रोहवरमा गरेको मुचुल्काको प्रतिलिपी।

५. उक्त योजना सञ्चालन गर्दा कुनै पनी असर नपर्ने भनी सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिको सिफारिस ।

६. मुहान दर्ताका लागि तोकीएको दस्तुर तिरेको भौचर ।

७. प्यूठान नगरपालिकाको खानेपानी मूल दर्ता सम्बन्धी कार्यविधि, २०८२ को अनुसुची – १ (दफा ५ सँग सम्बन्धित) बमोजिमको ढाँचामा निवेदन।

८. तलमाथि सम्पूर्ण उपभोक्ता समिति पदाधिकारीहरुले सहिछाप गरेको विधान २ प्रति ।